कोशी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

विराटनगर, नेपाल

प.सं. :- ०८३/८४

च.नं. :- ३९६

मिति :- वि.सं. २०८३/०६/३०

ने.स. :- ११४६ कौलाथ्व.६ शुक्रवार

विषयः बालगृहहरूले पालना गर्नुपर्ने न्यूनतम मापदण्ड कार्यान्वयन सम्बन्धमा।

बालगृह सबै

कोशी प्रदेश, नेपाल

प्रस्तुत विषयमा यस कोशी प्रदेशभित्र सञ्चालित बालगृहहरूलाई व्यवस्थित, मर्यादित र बालमैत्री बनाउने सन्दर्भमा मिति २०८३/०६/२० गते माननीय सामाजिक विकास मन्त्री गीता तिम्सिनाज्यूको अध्यक्षतामा बसेको प्रदेश बाल अधिकार समितिको बैठकबाट निर्णय भएबमोजिम प्रदेशभित्र सञ्चालित सम्पूर्ण बालगृहहरूले बालबालिकाको सर्वोत्तम हित, संरक्षण तथा विकासका लागि संलग्न बमोजिमको न्यूनतम मापदण्डहरूको अनिवार्य एवं पूर्ण रूपमा पालना गर्न/गराउनुहुन कोशी प्रदेश स्थित सबै बालकल्याण गृहहरूमा यो निर्देशन जारी गरिएको छ।

.....................

(दुर्गा भण्डारी बराल)

सहायक सचिव

सादर अवगतार्थ :

श्री गीता तिम्सिना

मन्त्री

मन्त्री

बोधार्थः

श्री अध्यक्षज्यू- (न्यूनतम मापदण्ड पालनाका लागि आवश्यक समन्वय तथा सहजीकरण हुन), बालकल्याण गृह महासंघ,

कोशी प्रदेश, नेपाल ।

फोन नं. ०२१-५३६१८४ वेबसाइटः-www.mosd.koshi.gov.np ईमेलः- mosd@koshi.gov.np

"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"

कोशी प्रदेशमा सञ्चालित बालकल्याण गृहहरुले पूरा गर्नुपर्ने न्यूनतम मापदण्डहरू

(१) प्रचलित कानुन बमोजिम नाफारहित सामाजिक संस्थाको रूपमा दर्ता भएको,

(२) संस्थाको विधानमा बाल गृह सञ्चालन गर्ने उद्देश्य भएको,

(३) कम्तीमा बीस जना बालबालिका राख्न राष्ट्रिय बाल अधिकार परिषद्ले तोके बमोजिमको बालमैत्री भौतिक पूर्वाधार तथा संरचना भएको,

(४) बालक, बालिका र लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकालाई सुरक्षितसँग छुट्टा–छुट्टै राख्न सक्ने भौतिक पूर्वाधार, मानवीय तथा आर्थिक स्रोत भएको,

(५) बाल गृहको भौतिक पूर्वाधार तथा संरचना बालक, बालिका र लैङ्गिक दृष्टिकोणले बालबालिकालाई सुरक्षितसँग छुट्टाछुट्टै राख्न सक्ने हुनु पर्नेछ । बालक, बालिका र लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको सुत्ने व्यवस्था छुट्टा-छुट्टै भवनमा गर्नु पर्नेछ । छुट्टा-छुट्टै भवनको व्यवस्था नभएमा कम्तीमा छुट्टै तल्लामा वा सुरक्षित हुने गरी अलग्गै खण्डमा व्यवस्था गर्नु पर्नेछ।

(६) बालबालिकालाई आश्रय दिने, खानपान तथा पालनपोषण गर्ने, स्वास्थ्य उपचार गर्ने, उचित शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने क्षमता भएको,

(७) बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासका लागि नियमित खेलकुद तथा मनोरञ्जनका सुविधाहरू उपलब्ध गराउन सक्ने स्रोत तथा साधनको व्यवस्था भएको,

(८) आश्रित बालबालिकाको औपचारिक शिक्षाको प्रबन्ध गर्नुका साथै आवश्यकतानुसार बाल गृहमा पढाउने शिक्षकको व्यवस्था गरिएको र विशेष प्रकृतिका र विद्यालय जान नसक्ने बालबालिकालाई अनौपचारिक शिक्षा तथा सीप विकासको अवसर दिलाउन सक्ने क्षमता भएको,

(९) आश्रित बालबालिकाको सर्वोत्तम हितको लागि विभिन्न सिर्जनात्मक, साहित्यिक र सांस्कृतिक बाल कार्यक्रममा सहभागी हुने अवसरको सिर्जना गरी अतिरिक्त क्रियाकलापको व्यवस्थापन गर्न सक्ने भएको,

(१०) बाल गृहमा बाल क्लबको स्थापना गरी बाल सहभागितालाई प्रवर्द्धन गराएको वा गराउन सक्ने क्षमता भएको,

सहायक सचिव

(११) बाल गृहमा बालमैत्री वातावरण कायम गरी बाल संवेदनशीलतालाई अभिवृद्धि गर्न सक्ने भएको,

(१२) बाल गृहका पदाधिकारी, कर्मचारीहरूलाई बाल अधिकार र बाल संरक्षणबारे तालिम तथा अभिमुखीकरणको व्यवस्था गर्न सक्ने भएको,

(१३) परिषद्ले तोकेको वैयक्तिक विवरण फाराममा बालबालिकाको विवरण अनिवार्य रूपमा भी व्यवस्थापक वा सञ्चालकबाट प्रमाणीत गरी सुरक्षित राख्न सक्ने व्यवस्था भएको

१४) बालबालिकाको शैक्षिक तथा स्वास्थ्य सम्बन्धी प्रगति विवरण अद्यावधिक गर्दै सुरक्षित राख्न सक्ने व्यवस्था भएको,

(१५) बालबालिकाको शारीरिक र मानसिक विकासका लागि उमेर अनुसार संरक्षण, स्याहार, सुरक्षा, उचित हेरचाह तथा बालमैत्री वातावरण हुने गरी व्यवस्था भएको,

(१६) अपाङ्गता भएका बालबालिकाका लागि उपयुक्त हुने वा अपाङ्गमैत्री संरचना हुनु पर्नेछ । अपाङ्गता भएका बालबालिकाको संरक्षण गर्ने बाल गृहमा नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुसारको अपाङ्गमैत्री भौतिक संरचना हुनु पर्नेछ । अपाङ्गता भएका बालबालिकाका लागि देहाय बमोजिमको संरचना हुनु पर्नेछः—

(क) अपाङ्गता भएका बालबालिकाको पहुँच सहज हुनेगरी पूर्वाधार भएको,

(ख) बाल गृहको भौतिक पूर्वाधार तथा संरचनामा नेपाल सरकारको सहज पहुँच सम्बन्धी निर्देशिका अनुरूप भएको,

(ग) अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक सहायक सामग्री, फर्निचर, तथा उपकरण भएको, जसमा रेलिङ सहितको भर्याङ, एक हातले पनि चलाउन सकिने भान्छामा प्रयोग हुने सामग्री, नुहाउने कोठा/शौचालयमा प्रयोग हुने सामग्री, पठनपाठनमा प्रयोग हुने सामग्री, कोठाको चुकुल आदि भएको ।

(१७) असहाय, असक्त र अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था गरिएको साथै उनीहरूको हेरचाह र स्याहार सुधार गर्ने उचित व्यवस्था मिलाउन सक्ने क्षमता भएको,

सहायक सचिव

(१८) बाल गृहमा आश्रीत बालबालिकाहरुको फोटो तथा भिडियो सामाजिक सञ्जाल एवम् सञ्चार माध्यममा पोष्ट गर्न नहुने

(१९) बाल गृहमा आश्रित बालबालिकाहरूको उच्चतम हितको लागि परिवारको खोजी गरी पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना सम्बन्धी कार्य गर्ने क्षमता भएको,

(२०) संस्थाको बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गरेको,

(२१) बाल गृहमा रहेका बालबालिकाले प्राप्त गर्ने सेवा सुविधा र निजहरूको संरक्षण सम्बन्धमा परिषद्ले तोकेको अन्य आवश्यक मापदण्ड।

सहायक सचिव